नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७०
०१-४२१९०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाण्डौ
मिति: २०७७-०७-१७ गते।

## प्रहरी प्रधान कार्यालय, साईबर ब्यूरो, भोटाहिटी काठमाडौंको अनुरोध

विभिन्न समयमा ईन्टरनेट तथा विद्युतीय उपकरणहरुको दुरुपयोग गरी Facebook, TikTok, Instagram लगायतका सामाजिक सञ्जालहरुमा अशोभनीय, अमर्यादित, दुराचारयुक्त, यौनजन्य तथा अश्लिल तस्वीर, श्रव्यदृष्य (Video), वार्तालाप, लेखन लगायतका सामाग्रीहरु प्रकाशन, प्रसारण गरी सदाचार, नैतिकता, सामाजिक सदभाव साथै विद्युतीय कारोबार ऐन,२०६३ लगायतका प्रचलित कानुनहरु विपरीत हुने कार्यहरुका बारेमा प्राप्त हुने सूचना, उजुरीहरु उपर यस ब्यूरोबाट प्रचलित कानुन बमोजिम अनुसन्धान एवं कारवाही हुंदै आएको व्यहोरा विदितै छ।

पछिल्लो समयमा सामाजिक सञ्जाल TikTok मा लैङ्गिकता, फरक क्षमता, महिला तथा बाल अधिकार लगायतका संबेदनशिल बिषयहरुको ख्यालै नगरी महिला तथा बालबालिका सम्बन्धी प्रचलनमा रहेका कानुन विपरीत हुने भिडियोहरु बनाउने, प्रसारण गर्ने गरेको भन्ने सम्बन्धमा यस ब्यूरोको ध्यानाकर्षण भएको छ।

सो सम्बन्धमा कतिपय सूचना, निवेदन उपर अनुसन्धान भई प्रचलित कानुन बमोजिम कारबाही भएको र कतिपय सूचना, निवेदनहरु अनुसन्धानको क्रममा रहेका छन।

तर अपराध गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउने सन्दर्भमा घटनाको जानकारी एवं सूचना सम्बन्धित निकाय सम्म पुर्याउने क्रममा असल नियत, सदासयता हुँदा हुँदै पनि सही निकाय र माध्यमको छनौट नगरी पुन: तिनै भिडियो एवं सामाग्रीहरुलाई प्रदर्शन, प्रसारण गर्दा पिडितलाई झनै पिडा थपिनुका साथै बिभिन्न कानुनमा व्यवस्था भएको गोपनीयता, संरक्षण लगायतका कानुनी प्रावधानहरूको विपरीत समेत हुने भएको हुँदा सो बारेमा सचेत एवं संवेदनशील हुन सम्बन्धित व्यक्ति, अविभावक, संघ-संस्था लगायत सरोकारवाला सवैमा अनुरोध गरिएको छ।

त्यस्ता कार्यहरू भए गरेको पाईएमा तत्काल नजिकको प्रहरी कार्यालय वा प्रहरी प्रधान कार्यालय, साईबर ब्यूरोको टेलिफोन नं. ०१- ४२१९०४४, ४२१९०४८, मोबाईल नं. ९८५१२८६७७० वा ई-मेल ठेगाना cyberbureau@nepalpolice.gov.np मा सूचना वा जानकारी दिन हुन जनहितका लागि यो अनुरोध गरिएको छ।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक